कानेपोखरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
क्यरकन, मोरङ
१ नं. प्रदेश, नेपाल

# कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालयको एकीकृत सम्पत्ति विवरण पेश गर्नेबारे सम्पत्ति धनीहरूलाई अत्यन्त जरुरी सूचना

यस कानेपोखरी गाउँपालिकाले हालसम्म मालपोत असूल गरी आएकोमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा यस गाउँपालिकाको स्थानीय आर्थिक ऐन, २०७४ बमोजिम आ.व२०७५।०७६ देखि एकीकृत सम्पत्ति कर लागू गरिने भएकाले गाउँपालिका क्षेत्र भित्र जग्गा रहेका जग्गाधनीहरूलाई आफ्नो जग्गा र सो जग्गामा बनेको संरचनाको विवरण दाखिला गरी वडा कार्यालयमा लगत कायम गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।
सम्पत्तिको विवरण दाखिला गर्ने फाराम कानेपोखरी गाउँपालिकाका सवै वडा कार्यालयबाट यही जेष्ठ १३ गत देखि वितरण हुने हुदा फाराम प्राप्त गर्नु भइ सो फाराममा सत्यतथ्य विवरण भरी आगामी २०७५ आसाढ १७ गते भित्र अनिवार्य रुपमा सम्बन्धित वडा कार्यालयमा दाखिला गर्नु हुन अनुरोध गरिन्छ। यस्तो विवरण जग्गाधनी आफै वा निजको सगोल परिवारका व्यक्ति वा निजको मञ्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन्। गाउँपालिकाले तोकेको अन्तिम मितिसम्म पनि विवरण दाखिला नगर्ने जग्गाधनीहरूले विलम्ब शुल्क तिर्नु पर्ने हुँदा तोकिएको समय भित्रै आ-आफ्नो सम्पत्ति (घर र संरचना) को विवरण पेश गर्नु हुन हार्दिक अनुरोध गरिन्छ।

एकीकृत सम्पत्ति करको विवरण दाखिला गर्नका लागि आ.व.२०७५ आसाढ सम्मको मालपोत र भूमिकर चुक्ता गर्नु पर्नेछ। एकीकृत सम्पति कर तिरे पछि सो घर र जग्गामा मालपोत, भूमिकर र घरजग्गा कर नलाग्ने व्यहोरा समेत जानकारी गराइन्छ।

२०७५।२।१०

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत